सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

प.सं. २०८०/८१

च.नं.

कोशी प्रदेश, नेपाल

## दरभाउपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/०४/१८)

यस सुनवर्षी नगरपालिका अन्तर्गत देहाय बमोजिम आ व ०८०/०८१ अषाढ मासान्तसम्मका लागि हाटगुदरी कर र कान्जी हाउस कर उठाउने साथै ०८१/०८२ अषाढ मासान्तसम्मका लागि झुमरिदेवी तालबाट रकम उठउने स्थानिय सरकार संचालन ऐन २०७४ र सुनवर्षी नगरकार्यपालिकाको निर्णयानुसार ठेका बन्दोबस्त गर्नु पर्ने भएकोले देहायको शर्तहरुको अधिनमा रहने गरी ईच्छुक नेपाली नागरिक वा फर्म, कम्पनीहरुले १५ दिन भित्र रित पूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सुचना दोस्रो पटक प्रकाशित गरिएको छ ।

| सि नं | विवरण | न्यूनतम अंक (प्रति वडा) | दरखास्त दस्तुर (प्रति वडा प्रति फारम) | प्रकार |
|---|---|---|---|---|
| १ | कान्जि हाउसको कर सङ्कलन वडा नं १,२,३,४,५,६,७ र ९ | ११०००/- | १०००/- | दरभाउपत्र |
| २ | दोहमना हाटगुदरी सुनवर्षी ४ | १०१०००/- | १०००/- | दरभाउपत्र |
| ३ | अमरदह हाटगुदरी सुनवर्षी २ | ५१०००/- | १०००/- | दरभाउपत्र |
| ४ | झुमरिदेवी ताल सुनवर्षी ९ | ६०००००/-(दुई बर्षको लागी) | १०००/- | दरभाउपत्र |

शर्तहरू:

- शिलबन्दी दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म १७:०० बजे भित्र यस कार्यालयबाट खरिद गर्न सकिन्छ ।
- शिलबिन्दी दरभाउपत्र १५ औ दिन तथा विद्यापति १२:०० बजे सम्म रित पूर्वक भरि दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे प्रतिनिधिको रोहवरमा यस कार्यमा खोलिनेछ।
- शिलबन्दी दरभाउपत्रमा भाग लिनेले न्युनत्तम अंकको ५ प्रतिशत रकम सिभिल बैंकमा रहेको यस न. पा.को खाता नं **(SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)** मा जम्मा गरेको सक्कलै बैक भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र सदर गरेको मितिले ७ दिन भित्र सम्झौता गरी प्रथम किस्ताको रकम यस न. पा.को खाता नं **(Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138)** मा बुझाउनु पर्नेछ र दिश्रो र तेश्रो किस्ताको हकमा नियमानुसार हुनेछ। बैक जमानत २०८१ अषाढ मसान्त सम्म र झुमरिदेवी तालको हकमा २०२२ अषाढ मसान्त सम्मको हुनु पर्नेछ साथै अग्रिम रकमको रुपमा सम्पुर्ण रकम बुझाएमा १० प्रतिशत सम्म छुट हुनेछ।
- उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेका बदर गर्न सकिनेछ र ठेका बदर गर्नु परेमा घरौटी रकम समेत जफत हुनेछ।
- ठेक्का सम्झौता भए पछी बन्द हडताल वा अन्य कुनै कारणले कर छुट वा महिनाको लागी ठेकेदार पक्षबाट दाबी गर्न पाईने छैन।
- न.पा.ले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ। साथै ठेक्का सम्बन्धी कुनै विवाद भएमा न.पा.को निर्णयनै अन्तिम हुनेछ।
- करका दररेटहरू न.पा.ले तोके बमोजिम असुल उपर गर्नु पर्नेछ। अन्यथा बढी रकम असुल उपर गरेको खण्डमा नियमानुसार कार्वाही हुनेछ।
- हाट गुदरीको सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व तथा कर स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ।
- दरभाउपत्र फारममा अंक र अक्षर दुबैमा दररेट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
- यस न.पा. अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की, बेरुजु रहेको ब्यक्ती वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुन पाउने छैन। तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखीत रकम दाखीला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन।
- दरभाउपत्र खरिद गर्न लिखित निवेदन, नागरिकता प्रमाणपत्र, फर्म वा कम्पनीको ईजाजत पत्र र आन्तरिक राजस्व कारयालयमा दर्ता भएको मु.अ. करको समेत प्रमाणित प्रतिलिपी र आ.व. २०७८।७९ को कर चुक्ताको प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयबाट आय विवरण बुझाउने म्याद थप भएको प्रमाण पेश गर्नु पर्नेछ।
- म्याद नाघी र रित नपुगी आएको निवेदन उपर कुनै कारवाही कुने छैन।
- उल्लेखित शर्तहरू बाहेक अन्य कुराहरू प्रचलित ऐन नियम अनुसार हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ।